# स्थानीय सरकार

# वीरगंज राजपत्र

## वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

## खण्ड ७, २०८० साल चैत्र महिना २२ गते, संख्या १

### भाग – १

## वीरगंज महानगरपालिका वातावरण तथा प्राकृतिक श्रोत संरक्षण गर्न वनेको ऐन २०७७ को पहिलो संशोधन (२०८०)

# स्थानीय सरकार
# वीरगंज राजपत्र

## वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, २०८० साल चैत्र महिना २२ गते, संख्या १

### भाग – १

नेपालको संबिधानको धारा २२६ तथा मधेश प्रदेश गाउ सभा र नगर सभाको कानुन निर्माण प्रक्रियाको सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन २०७७ बमोजिम बिरगंज महानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्बत २०८० सालको ऐन नम्बर १**

## वीरगंज महानगरपालिका वातावरण तथा प्राकृतिक श्रोत संरक्षण गर्न वनेको ऐन २०७७ को पहिलो संशोधन (२०८०)

# वीरगंज महानगरपालिका वातावरण तथा प्राकृतिक श्रोत संरक्षण गर्न वनेको ऐन २०७७ को पहिलो संशोधन (२०८०)

संशोधन थप गरिएका व्यवस्थाहरु

**१. दफा १४ उपदफा २ पछि २(क) र २(ख) थप ,**

२(क) तोकिएको मापदण्ड विपरीत नदि, पोखरी, तलाउ वा कुनै पनि किसिमको सतही तथा भूमिगत पानीको श्रोतलाई प्रदुषित गर्ने एवम् सोमा रहने जलचर, प्राणी तथा वनस्पतिलाई प्रतिकूल असर पुग्ने कुनै पनि कार्य गर्नु गराउनु हुँदैन ।
२(ख) तोकिएको मापदण्ड विपरीत वायु प्रदुषण हुने गरी खरानी, धुँवा, धुलो, ग्याँस र अन्य फोहर जन्य पदार्थ आदि उत्सर्जन गर्नु गराउनु हुदैन ।

**२. दफा ३३ को उपदफा २ को प्रकरण क र ख मा संशोधन,**

२(क) मा रहेको “अध्यक्ष” भन्ने शब्दको सट्टा “सयोजक” भन्ने शब्द राख्ने ।

२(ख) मा रहेको “सदस्य” भन्ने शबदको सट्टा “सह सयोजक” भन्ने शब्द राख्ने ।

**३. दफा ४३ पछि ४३(क), ४३(ख) , ४३(ग), ४३(घ) थप ,**

**४३(क). भूमिगत पानी पुनर्भरण:** (१) जमिनभित्रको पानीको सतहलाई घट्न नदिई वीरगंजको प्राकृतिक अवस्थितिलाई अनुकूलन बनाउन भूमिगत पानी पुनर्भरण कार्यक्रम सञ्चालन गरिने छ ।
(२) उपदफा(१) बमोजिमको भूमिगत पानी पुनर्भरणसम्बन्धी प्रक्रिया र कार्यक्रम तोकिएबमोजिम हुनेछ ।

**४३(ख) वातावरण संरक्षण शुल्क** :(१) महानगरपालिकाले वातावरणको उल्लेखनिय पक्षमा हुने हानी न्यूनीकरण गरि वातावरण संरक्षण गर्नका लागि वातावरणिय पक्षमा हानी पुयाउने पक्षबाट उचित शुल्क निर्धारण गरि लिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको शुल्क लिइने क्षेत्र र शुल्कको दर संकलनको प्रक्रिया नगरसभाबाट निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम संकलन गरिएको शुल्क खर्च गर्दा वानावरण संरक्षणको क्षेत्रमा प्राथमिकता दिई खर्च गर्न सकिनेछ ।

**४३(ग). वातावरण पुरस्कार:**(१) वातावरण र प्राकृतिक श्रोत संरक्षणको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने कुनै व्यक्ति, सङ्घ संस्था वा निकायलाई महानगरपालिकाले वातावरण पुरस्कार प्रदान गर्न सक्ने छ ।

(२) वातावरण पुरस्कार र सो सग सम्वन्धित अन्य कुरा तोकिएबमोजिम हुनेछ ।

**४३(घ) साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्ने :** (१) महानगरपालिकाले वातावरण संरक्षणको क्षेत्रमा नगर–नगर साझेदारी, नगर -नीजि क्षेत्र साझेदारी वा अन्य साझेदार कार्यक्रममार्फत यस ऐन कार्यान्वयन गर्न साझेदारी गर्न सक्ने छ ।

(२) साझेदारी कार्यक्रम सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

नगरसभाबाट पारित मिति २०८०/०९/२७
प्रमिकरण मिति २०८०/१०/०४
राजपत्र प्रकाशित मिति २०८०/१२/२२

**आज्ञाले**
मातृका भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
वीरगंज महानगरपालिका